२०७७ माघ १६ गते शुक्रवार राष्ट्रिय दैनिक कारोबारमा प्रकाशित

# हिमालयन डिष्टिलरी लिमिटेड

को

## शेयरधनी महानुभावहरुलाई नगद लाभांश वितरण सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७७ पौष २९ गते, बुधवार (तदनुसार १३ जनवरी, २०२१) का दिन सम्पन्न २० औं
वार्षिक साधारण सभाबाट पारित भए बमोजिम कम्पनीका शेयरधनीहरुलाई बोनश शेयर र नगद लाभांशमा लाग्ने
कर समेत गरी हालको चुक्ता पूंजीको ५०% अर्थात प्रति कित्ता रू ५०/०० (अक्षरुपी पचास रूपैया) का दरले
वितरण गरिने नगद लाभांश शेयरधनी महानुभावहरूको हिताग्राही खातामा उल्लेखित बैक खातामा जम्मा गरिसकिएको
जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

हालसम्म पनि हितग्राही खातामा आफ्नो बैकको खाता Update नगर्नुहुने शेयरधनी महानुभावहरूको हकमा
आफूले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरी नेपाल क्लियरिङ्ग हाउसको IPS सदस्यता
प्राप्त कुनै पनि बैक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैक खाता सम्बन्धी विवरण Update गराउनु हुन
अनुरोध गर्दछौ ।

आफ्नो शेयरको प्रमाणपत्रहरू अभौतिक/DEMAT नगर्नुहुने शेयरधनी महानुभावहरूको हकमा बैक खाता Update
र आफुसंग भएको शेयर प्रमाणपत्रहरू अभौतिक/DEMAT गराए पश्चात मात्र सम्बन्धित शेयरधनीको बैक खातामा
नगद लाभांश जम्मा गरिने व्यहोरा जानकारी गराईन्छ ।

अतः हालसम्म पनि DEMAT खाता खोल्न बाँकी रहनु भएका शेयरधनि महानुभावहरूले यस कम्पनीको शेयर
रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि., नारायणचौर, नक्साल वा आफ्नो पायक पर्ने निक्षेप सदस्यकोमा
सम्पर्क गरी DEMAT खाता खोलि आफ्नो शेयर प्रमाणपत्र जम्मा गर्नुहुन अनुरोध गर्दछौ ।

साथै शेयरधनी दर्ता किताव बन्द हुनु भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरूले आफ्नो शेयर प्रमाणपत्रहरू
धितोमा राखि कर्जा सुविधा प्रयोग गर्दै आउनु भएको भए सम्बन्धित बैक तथा वित्तीय संस्थाबाट फुकुवा पत्र
(No Objection Letter) प्राप्त भए पश्चात् मात्र सम्बन्धित शेयरधनीको बैंक खातामा नगद लाभांश जम्मा
गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै आ. व. २०७०/०७१ र आ.व. २०७१/०७२ मा कम्पनीले वितरण गर्ने निर्णय गरेको नगद लाभांशको रकम
केही शेयरधनीहरूले बुझि लिन बाँकी रहेको हुनाले सो बुझि लिनका लागि शेयरधनीहरूले कम्पनीको सम्पर्क
कार्यालय ललितपुर (०१-५५२२०१०) मा सम्पर्क गरी लिनका लागि कम्पनी ऐन, २०६३ को दफा १८२ बमोजिम
यो सूचना प्रकाशन गरिएको छ । सूचनाको समयावधि भित्र पनि बुझि लिनु पर्ने लाभांश रकम बुझि नलिएमा
कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम लगानीकर्ता संरक्षण कोषमा उल्लेखित रकम जम्मा गरिने व्यहोरा
यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**शेयर रजिष्ट्रारः**

**NABIL INVESTMENT BANKING LTD.**

**(A Subsidiary of Nabil Bank Ltd.)**

**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np